स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



गत जेठपछि नेपाली फिल्ममा ठूलो व्यापारिक खडेरी देखिएको छ । असार अन्तिममा आएको फिल्म 'घरज्वाइँ'लाई छाड्ने हो भने असारदेखि भदौ पहिलो हप्तासम्म प्रदर्शनमा आएका आधा दर्जनभन्दा बढी फिल्मले लगानीको एक तिहाई पनि उठाउन सकेनन् । अब लामो व्यापारिक खडेरीलाई चिर्नुपर्ने चुनौतीसहित शुक्रबारदेखि अभिनेत्री आँचल शर्मा अभिनीत फिल्म 'वर एन्ड वधु'ले प्रदर्शन सुरु गरेको छ ।

**आजको विचार...**



शस्त्रद्वन्द्वको...

(दुई पेजमा)

रमेशप्रसाद तिमल्सिना



दशैंको फूलपातीपछि अब तिहारमा पनि नेपाली फिल्मबीच त्रिपक्षीय भिडन्त हुने भएको छ । आगामी कात्तिक १५ (लक्ष्मीपूजा)लाई दुई फिल्म 'एक्टर' र 'मायावी'ले प्रदर्शन मिति घोषणा गरिसकेको अवस्थामा अब यो मितिमा अर्को फिल्म 'पूर्ण बहादुरको सारङ्गी' पनि थपिएको छ । सरोज पौडेलको कथा तथा निर्देशन रहेको फिल्ममा विजय र प्रकाशसँगै मुकुन भुसाल, भोलाराज सापकोटा, देशभक्त खनाल, बुद्धि तामाङ, विनोद न्यौपाने, अलिसा बास्तोला, जानवी पौडेल, श्याम केसी लगायतले पनि अभिनय गरेका छन् ।


❒ वर्ष ३० ❒ अंक ४६ ❒ २०८१ भदौ १५ गते शनिबार 31 August 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# शीतगंगावासीको पीडा : हातमा लाल पुर्जा छ, नक्सामा छैन

रासस

**अर्घाखाँची,** भदौ १४/शीतगंगा नगरपालिका-१२ का स्थानीय बासिन्दाले सयौँ वर्षदेखि आफूले भोगचलन गरेको जग्गाको नयाँ जग्गाधनीपुर्जा (लालपुर्जा) पाउन सकेका छैनन् । वि.स.२०४० र २०५६ मा नापी भएर पुर्जा पाएको जग्गाको अर्घाखाँचीमा भएको पुन:नापीबाट आफूहरूले पुर्जा पाउन नसकेको भन्दै सयौँ जनाले जिल्ला प्रशासन कार्यालयमा पुगेर सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्यायलाई ज्ञापनपत्र बुझाएका छन् ।

विसं २०५७ मा पाएको पहिलाको पुर्जा आफूहरूसँगै रहेको र सोही पुर्जाका आधारमा नगरपालिकामा तिरो तिर्दै आएको भए पनि पुर्जा पाउन नसकेपछि जग्गा भएर पनि सुकुम्बासीजस्तै भएको शीतगङ्गा-१२ खुम्चीकोटका स्थानीय देवेन्द्र पौडेलले बताए । उनले सयौँ वर्षदेखि चर्चेको पहिलाको जग्गाधनीपुर्जा देखाउँदा समेत पुर्जा पाउन नसकेको गुनासो गरे । वडा कार्यालय, नगरपालिकाको कार्यालय, विशेष नापी कार्यालयलगायत कार्यालयमा पटकपटक ध्यानाकर्षण गराउँदा पनि आफूहरूको माग सुनुवाइ नभएपछि कपिलवस्तुको सिमानाबाट स्थानीय जनता हजारौँ रुपैयाँ खर्च गरेर प्रमुख जिल्ला अधिकारीसमक्ष पुगेका



थिए । सहज तरिकाबाट पुर्जा पाउनुपर्ने नारा लगाउँदै उनीहरू जिल्ला प्रशासनमा पुगेका थिए । शीतगङ्गा नगरपालिका-१२ को खुम्चीकोट, पिरापानी, खलेयाखर्क, दमारे, धौलेटाकुरा, दरबारे, टिकरी, जलुके, टर्रेलगायतका झण्डै एक सय ५० जनाले तिरो तिरेको रसिद र पुरानो जग्गाधनीपुर्जा देखाउँदा पनि नयाँ पुर्जा पाउन नसकेको पिरापानीका स्थानीय खगेश्वर गैरेले बताए । केही व्यवसाय गर्नका लागि जग्गा बैंकमा धितो राख्नुपर्छ । पुरानो पुर्जाले हुँदैन, नयाँ पुर्जा पाउन सकिएन । जसले गर्दा केही व्यवसाय गर्न समस्या भएको स्थानीय देवीराम गैरेले गुनासो गरे । विशेष नापीको टोलीले जग्गा नापिसकेको भए पनि नयाँ पुर्जा पाउन नसकेको उनले बताए । आफूहरूले भोगचलन गरेको जग्गाको साविककै पुर्जाअनुसार नयाँ पुर्जा सरकारले दिनुपर्ने स्थानीयको माग रहेको पिरापानीका राजेश गरैले बताए । सशस्त्र द्वन्द्वको समयमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले २०५९ र २०६१ सालमा गरेको सदरमुकाम आक्रमणमा जग्गासम्बन्धी सबै कागजात जलेर नष्ट भएका थिए । कागजात नष्ट भएको अर्घाखाँची जिल्लामा विशेष नापी कार्यालय स्थापना गरेर जग्गा नापजाँचको काम सुरु भएको थियो । साविक २०४० सालमा एकसरो नापी भएको नक्सा र अहिले त्यस स्थानका स्थानीयले भोगचलन गरेको जग्गाको नक्सा नमिलेपछि पुर्जा दिन नसकेको विशेष नापी कार्यालयका प्रमुख डिल्लीराज भण्डारीले बताए । स्थानीयले अहिले भोगचलन गरेको जग्गा छ, नापी पनि पुन: गरेका छौँ । तर २०४० सालको नापीको नक्सामा उनिहरूको कित्ता देखिँदैन, जङ्गल देखिएकाले पुर्जा दिनसकेका छैनौँ ।

जग्गा नापजाँच ऐन, २०१९ को दफा ६ को उपदफा ५ (घ) अनुसार साविकको नक्सा र अहिलेको नक्सा भिडाउनुपर्छ । साविकको नक्सा र अहिलेको नक्सा नभिडेपछि पुर्जा दिन नसकेको विशेष नापी कार्यालयका प्रमुख भण्डारीको भनाइ छ । यस्तो समस्याबारेमा विभाग र मन्त्रालयमा जानकारी पनि गराएको उनको भनाइ छ । गाउँगाउँमा सिंहदरबार भनेर नारा लगाए पनि कपिलवस्तुको सिामानाबाट आफ्ना माग सम्बोधन हुने आशामा सिङ्गो गाउँ नै उठेर सदरमुकाम आएका थिए । आफूहरूको तवरबाट सक्दो प्रयास गर्ने र उनीहरूको माग सम्बोधनका लागि सम्बन्धित निकायलाई जानकारी गराउने सहायक प्रमुख जिल्ला अधिकारी पाध्यायको भनाइ छ ।

## संक्षिप्त समाचार

### विस्फोटमा घाइते दाजुबहिनीको मृत्यु

**पाँचथर,** भदौ १४/फालेलुङ गाउँपालिका-५ डाँडागाउँमा बिहीबार विस्फोटक वस्तु विस्फोट हुँदा घाइते भएका दुई बालबालिकाको मृत्यु भएको छ । विस्फोटमा घाइते भएका फालेलुङ-५ डाँडागाउँका दिलीप साँवाका ११ वर्षीय छोरा दीपसन साँवा र दुई वर्षीया छोरी प्रिन्साको उपचारका लागि झापा लैजाने क्रममा विहीबार राति मृत्यु भएको हो । शरीरका विभिन्न भागमा चोट लागेका उनीहरूको जिल्ला अस्पताल फिदिममा उपचार सम्भव नभएपछि चिकित्सकले झापाको विर्तामोड 'रेफर' गरेका थिए । बहिनीको बिहीबार बेलुकी इलाम पुर्याउँदै गर्दा तथा दाजु दीपसनको शुक्रबार बिहान विर्तामोडको बिएण्डसी अस्पतालमा मृत्यु भएको पाँचथर जिल्ला प्रहरी कार्यालयले जनाएको छ । विस्फोटमा घाइते स्थानीय ज्ञानबहादुर राईका छोरा ११ वर्षीय पवन राईको जिल्ला अस्पतालमा उपचार भइरहेको छ । अर्का घाइते स्थानीय दीपक राईका सात वर्षीय छोरा पवन स्थानीय स्वास्थ्यचौकीमा उपचारपछि घर फर्केका छन् । घटनास्थलमा अर्को पनि शङ्कास्पद वस्तु फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रमुख हेमन्त भण्डारी क्षेत्रीले जानकारी दिए । घटनाबारे अनुसन्धान गर्न तथा विस्फोटक वस्तु निस्तेज पार्न रणशेर गण फिदिमबाट नेपाली सेनाको टोली घटनास्थल पुगेर अनुसन्धान थालेको छ । शङ्कास्पद वस्तु फालेलुङ-५ डाँडागाउँका आइतराज केरुङको घरमा विस्फोट भएको जनाइएको छ । यद्यपि अहिले उक्त घरमा ज्ञानबहादुर राईको परिवार बस्दै आएको प्रहरीले जनाएको छ । बिहीबार दिउँसो ती बालबालिका खेल्ने क्रममा विस्फोट भएको थियो ।

*-रासस*

## सीजी कम्पनीमा कामदारको मृत्यु



**पाल्पा,** भदौ १४/सीजी सिमेन्ट कम्पनीमा काम गर्ने एक कामदारको मेसिनमा परेर मृत्यु भएको छ । पाल्पाको रैनादेवी छहरा गाउँपालिका-२, सर्देवास्थित सीजी कम्पनीभित्र मेसिनमा च्यापिएर धादिङको त्रिपुरासुन्दरी गाउँपालिका -६, का ४६ वर्षीय दिनेश शर्माको मृत्यु भएको हो ।

मंगलबार राति कम्पनीभित्र कोइला पिस्ने मेसिन सफा गर्ने क्रममा शर्माको मेसिनमा च्यापिएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार मेसिन बन्द गरी मेसिनभित्रको कोइला सफा गर्ने क्रममा अचानक मेसिन चल्दा शर्मा च्यापिएका थिए । उनको शवलाई विहीबार आफन्तहरू आएपछि मात्र घटनास्थलबाट उठाइएको थियो । घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## 'स्थानीय तहको समृद्धिका लागि जनताको भूमिका महत्वपूर्ण'

**पाल्पा,** भदौ १४/रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले स्थानीय तहको समृद्धिका लागि जनताको भूमिका महत्वपूर्ण हुने बताएका छन् । रामपुर-१० राहुडाँडामा सुपारी आँप समूहको नवनिर्मित भवनको उद्घाटन गर्दै नगर प्रमुख थापाले स्थानीय तहको समृद्धिका लागि जनताको भूमिका महत्वपूर्ण रहेको बताएका हुन् ।



उनले स्थानीय सरकारले सञ्चालन गर्ने योजना तथा कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न हरेक स्थानीयबासीको महत्वपूर्ण भूमिका हुने उल्लेख गरे । नगर प्रमुख थापाले भने 'हरेक तहको सरकार र जनताबिच सकारात्मक समन्वय र सहयोग सहमति हातेमालो गर्न आवश्यक छ ।' उनले नगरको विकासका लागि स्थानीय सरकारसँग प्रतिपक्षको रुपमा भन्दा पनि समकक्षी भएर काम गर्न आग्रह गरे । समुहको भवन निर्माणका लागि नगरपालिकाको थोरै लगानीबाट पनि गुणस्तरीय संरचना निर्माण गरेकोमा कामको प्रसंशा गर्दै उनले नवनिर्मित संरचनाको सही सदुपयोग गर्नुपर्ने बताए । थापाले भवनलाई बहुउपयोगी बनाई उपलब्धीमूलक कार्यक्रम सञ्चालन गर्न उपयोग गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा वडाध्यक्ष तोयानाथ सारु थापाले जनताको चहाना र आवश्यकता अनुसार जनप्रतिनिधिले काम गर्दै आएको भन्दै स्थानीय सरकारबाट विनियोजित बजेटको सही कार्यान्वयन गर्न सके विकासले चाँडो फड्को मार्ने उल्लेख गरे । उनले वडाको विकासका लागि कुनै दल विशेष भन्दा पनि आवश्यकतालाई प्राथमिकता दिएर काम गर्ने भन्दै नवनिर्मित भवनलाई बहुउपयोगी बनाउन आग्रह गरे ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## विषादी प्रयोग बारे सचेत बनौं

मानिसले खाने प्रत्येक गाँसमा विषादी हुन थालेको छ । कृषि उत्पादनहरूमा अत्याधिक विषादी प्रयोगका कारण मानव स्वास्थ्यमा गम्भीर असर परिरहेको छ । एकातिर, पर्याप्त सावधानी नअपनाई बालीमा विषादी छर्कंदा किसानहरूले विभिन्न स्वास्थ्य समस्या भोगिरहेका छन् भने, अर्कातिर अधिक विषादी प्रयोग गरी फलाइएका, भण्डारण गरिएका र पकाइएका तरकारी/फलफूलमार्फत उपभोक्ताले मन्द रूपमा 'विष' खाइरहेका छन् ।

विषादीको जथाभावी प्रयोग चाहिं निकै जोखिमपूर्ण र चिन्ताजनक रहेको छ । तरकारी र फलफूल बालीलाई रोगकीराबाट बचाउन गलत तरिकाले जथाभावी विषादी प्रयोग हुँदा मानव स्वास्थ्य र पर्यावरण जोखिममा घातक असर परिरहेको छ । विशेष गरी शहरी क्षेत्रका उपभोक्ताको स्वास्थ्यमा बढी जोखिम थपिएको छ । विषादीका कारण दिनप्रतिदिन मानव स्वास्थ्यमा ठूलो असर पर्दै जाँदा विषादीको मात्रा घटाउन भने सरकारी तहबाट खासै पहल भएको पाइँदैन । थोरै जग्गामा धेरै फलाउने र अधिकतम लाभ लिने अभिप्रायले किसानहरूले विषादीको जथाभावी प्रयोग गरिरहेकै छन् । व्यावसायिक खेती किसानी गर्दा विषादीको प्रयोग अत्यधिक हुने गरेको छ । छिटो फल्ने, ठूलो फल्ने र रोगकीराबाट बचाउने हुँदा किसान विषादीमा आकर्षित छन् । तर विषादीले त्यतिमात्रै गर्दो रहेनछ, क्यान्सरै पनि लगाउँदो रहेछ, वा मिर्गौला नै फेल गराउँदो रहेछ भन्ने धेरै थाहा छैन् । विषादी हालेको तरकारीले किसानलाई मात्रै नभई उपभोक्तालाई पनि घात गर्छ । तर नेपालमा तरकारीको विषादी नापजाँच गरेरमात्रै उपभोक्ता कहाँ पुर्‍याउने चलनै छैन । विषादी प्रयोग बारे सचेत बनौ । भएका विषादीमापक यन्त्रहरू पर्याप्त र ठाउँठाउँमा छैनन् । प्रत्येक तरकारी बजारमा त्यस्तो यन्त्र हुनुपर्छ र सबैतिर जाँचिनुपर्छ । विषादीको प्रयोगले केही कीराहरू मारेर बाली त बचाइएला, तर आफूले आफैंलाई मारिरहेको यथार्थ नकार्न भने सकिंदैन । तसर्थ मानव स्वास्थ्यमा गम्भीर असर पुर्‍याइरहेको विषादी प्रयोगमा भइरहेको यो लापरवाहीप्रति सचेत हुनैपर्छ ।

### Opinion @ Social Network

जब ढुङ्गा मूर्ति बन्छ तब मात्र पुजिन्छ, तिमी पनि त्यस्तै हो
जब तिमी सफल हुन्छौ तब मात्र तिम्रो अर्थ बुभिन्छ ।
(माया सारुकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Maya.saru)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शस्त्रद्वन्द्वको क्रमममा बलपूर्वक बेपत्ता पारिएका नागरिक कहाँ छन् ?



**रमेशप्रसाद तिमल्सिना**

*'कानुन बमोजिम पक्राँदा सुरक्षाकर्मीले कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने अवधि सकिएपछि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ कसरी र कुन अवस्थामा राखिएको छ भन्ने जानकारी नदिनुलाई' बेपत्ता कार्य भन्ने गरिएको छ । बेपत्ता भन्नाले युद्धको नियमलाई पालना गर्छु भन्ने विद्रोही पक्षबाट मानिसलाई अपहरण गरेर परिवारको जानकारीबाट अलग गराउनुलाई समेत जनाउँछ । सरल भाषामा भन्दा मानिसलाई राज्यवा संगठित अन्य पक्षले गिरफ्तार तथा अपहरण गरी सार्वजनिक नगर्नुलाई बेपत्ता भनिन्छ । विस्तृत शान्ति सम्झौतामा बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्ने उल्लेख गरिए पनि तत्कालीन विद्रोही र सरकार दुवै पक्षले यो लिखतलाई ठाडै उल्लंघन गरेका छन् । लिखतको पालना गरेका छैनन् । पीडितलाई फकाउने र थकाउने नीतिमा राजनीतिक नेतृत्व लागिपरेको पीडितको आरोपमा सत्यता रहेको आशंका गर्न सकिन्छ । ज्यान मार्नु र बेपत्ता पार्नु दुवै जघन्य अपराध हुन् । नेपालमा जबरजस्ती बेपत्ता बनाउने कार्यलाई मुलुकी अपराध संहितामा अपराधको रूपमा व्याख्या गरिएको छ । मुलुकी अपराध संहिता ऐन २०७४ मा व्यक्ति बेपत्ता पार्ने काम गर्न नहुने भनी उल्लेख गरिएको छ । उक्त ऐनमा कसुर हेरी कारबाहीको कुरा उल्लेख गरिएको छ । उक्त ऐनको परिच्छेद १६ को दफा २०६ देखि २१० सम्ममा बेपत्ता पार्ने कसुरका सम्बन्धमा व्यवस्था गरिएको हो । तर, द्वन्द्वकालमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको हकमा यो कानुनले सम्बोधन गर्दैन । बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भई क्रियाशील भएको सन्दर्भमा बेपत्ता पारिएका व्यक्तिको सत्य तथ्य पत्ता लगाउन आवश्यकता बनेको छ ।*

अगष्ट ३० अर्थात् बलपूर्वक बेपत्ता पारिएको व्यक्तिहरूको सम्झानामा विश्वभर मनाइने अन्तर्राष्ट्रिय दिवस नेपालमा पनि भदौ १४ गते मनाइँदैछ । यो दिवस मनाउने क्रम सन् १९८१ मा ल्याटिन अमेरिकी राष्ट्र कोस्टारिकाबाट सुरुआत भएको हो । संयुक्त राष्ट्र संघको महासभाबाट सन् १९९२ डिसेम्बर १८ को प्रस्ताव ४७/१३३ द्वारा जारी बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्नेसम्बन्धी घोषणापत्रलाई पारित गर्दै बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ जारी भएको हो । गोप्यतवरले थुनामा राख्ने वा बेपत्ताबनाइने कार्य मानव अधिकारको ठाडो उल्लघंघन हुने व्याख्या मानव अधिकारीको विश्वव्यापी घोषणपत्र १९४८ ले गरेको छ । नेपालमा १० वर्षे लामो सशस्त्रद्वन्द्वका क्रममा सुरक्षाफौज र तत्कालीन विद्रोही माओवादीबाट ठूलो संख्यामा नागरिक बेपत्ता पारिएको थियो । २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको अवस्थाका बारेमा ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारलाई जानकारी गराउने भनी गरिएको प्रतिबद्धता १८ वर्ष हुँदा पनि पूरा भएको छैन । तत्कालीन नेकपा माओवादी र नेपाल सरकारबीच २०६३ साल मंसिर ५ गते गरिएको विस्तृत शान्ति सम्झौतामा बलपूर्वक बेपत्ता पारिएका नागरिकको अवस्था सार्वजनिक गर्नेबारे उल्लेख गरिएको छ । २०५२ साल फागुन १ गतेबाट माओवादीले सुरु गरेको सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य भएको दिनका रूपमा मंसिर ५ गते नेपाली राजनीतिक इतिहासमा अभिलेखित छ । शान्ति सम्झौताले सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य गरेको घोषणा गरे पनि बेपत्ता पारिएका नागरिकका परिवारका पीडामा १८ वर्षसम्म पनि मल्हमपट्टी लगाइएको छैन ।

विस्तृत शान्ति सम्झौताको ५.२.३. मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मन्जुर गर्दछन् भनी उल्लेख गरिएको छ । सम्झौताको यस बुँदा अनुसार २०६३ माघ ५ गतेसम्म द्वन्द्वको क्रममा बेपत्ता पारिएका नागरिकको अवस्था सार्वजनिक गर्नुपर्ने थियो । यसै सम्झौताको ५.२.४. मा दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत कार्य र पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्न र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् भनिएको छ । यसलाई छुट्टै नाम दिएर आठ वर्षपछि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन गरियो । यी आयोगले काम गरेको बताउँदै आए पनि हालसम्म परिणाम देखिएको छैन । 'कानुन बमोजिम पक्राँदा सुरक्षाकर्मीले कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने अवधि सकिएपछि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ कसरी र कुन अवस्थामा राखिएको छ भन्ने जानकारी नदिनुलाई' बेपत्ता कार्य भन्ने गरिएको छ । बेपत्ता भन्नाले युद्धको नियमलाई पालना गर्छु भन्ने विद्रोही पक्षबाट मानिसलाई अपहरण गरेर परिवारको जानकारीबाट अलग गराउनुलाई समेत जनाउँछ । सरल भाषामा भन्दा मानिसलाई राज्यवा संगठित अन्य पक्षले गिरृतार तथा अपहरण गरी सार्वजनिक नगर्नुलाई बेपत्ता भनिन्छ । विस्तृत शान्ति सम्झौतामा बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्ने उल्लेख गरिए पनि तत्कालीन विद्रोही र सरकार दुवै पक्षले यो लिखतलाई ठाडै उल्लंघन गरेका छन् । लिखतको पालना गरेका छैनन् । पीडितलाई फकाउने र थकाउने नीतिमा राजनीतिक नेतृत्व लागिपरेको पीडितको आरोपमा सत्यता रहेको आशंका गर्न सकिन्छ । ज्यान मार्नु र बेपत्ता पार्नु दुवै जघन्य अपराध हुन् । नेपालमा जबरजस्ती बेपत्ता बनाउने कार्यलाई मुलुकी अपराध संहितामा अपराधको रूपमा व्याख्या गरिएको छ । मुलुकी अपराध संहिता ऐन २०७४ मा व्यक्ति बेपत्ता पार्ने काम गर्न नहुने भनी उल्लेख गरिएको छ । उक्त ऐनमा कसुर हेरी कारबाहीको कुरा उल्लेख गरिएको छ । उक्त ऐनको परिच्छेद १६ को दफा २०६ देखि २१० सम्ममा बेपत्ता पार्ने कसुरका सम्बन्धमा व्यवस्था गरिएको हो । तर, द्वन्द्वकालमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको हकमा यो कानुनले सम्बोधन गर्दैन । बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भई क्रियाशील भएको सन्दर्भमा बेपत्ता पारिएका व्यक्तिको सत्य तथ्य पत्ता लगाएर दोषी पहिचान गर्नु, दोषीलाई कारबाही गर्नु, पीडित परिवारलाई परिपूरणको व्यवस्था गर्नु नै अहिलेको आवश्यकता बनेको छ । हामीसँग बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (संशोधनसहित) छ । बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २० डिसेम्बर २००६ मा जारी गरिएको छ । सन् २०१० डिसेम्बर २३ देखि लागू भएको यो महासन्धिको मर्म अनुसारको कानुन निर्माण गर्न र महासन्धिलाई यथाशीघ्र अनुमोदन गर्न सरकारको ध्यानाकर्षण गराउनु नागरिक समाज र सञ्चार जगतको कर्तव्य हुन आउँछ । यसमा ढिलाइ नगर्दामात्रै बेपत्ता पारिएका व्यक्तिको परिवारका सदस्यले न्यायको थोरै भए पनि अनुभूति गर्नेछन् ।

विगतमा भएका मानवताविरोधी अपराधमा संलग्न व्यक्तिलाई जवाफदेही बनाएर कानुनी कारबाही नगर्दासम्म यस्ता प्रकृतिका अपराध मानव सभ्यतामा जरा गाडेर बसिरहन्छन् । यही विषयलाई आत्मसात गरेर नै संयुक्त राष्ट्र संघको मानवअधिकार परिषद्ले २९ जुन २००६ मा बलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको मस्यौदालाई ग्रहण गर्‍यो । २३ डिसेम्बर २०१० देखि लागू भएको यो महासन्धिमा हालसम्म ९८ राष्ट्रहरूले हस्ताक्षर गरेका छन् र ७१ ओटा देश पक्ष राष्ट्र भएका छन् । यो महासन्धिको पक्ष राष्ट्र बनेर सो महासन्धिका प्रावधान कार्यान्वयनमा ल्याउनु नेपालको हितमा छ । यसरी बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको संख्या ९ सय ३१ जना रहेको इन्सेकको तथ्यांकमा छ । ३ हजार २ सय ८८ उजुरी प्राप्त भएको बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको वेभसाइटमा छ । बेपत्ता पारिएका व्यक्तिको संख्यामा एकरूपता नभए पनि सशस्त्र द्वन्द्वको अवधिमा राज्य र विद्रोही पक्षबाट व्यक्ति बेपत्ता पार्ने कार्य गरेको सर्वस्वीकार्य विषय हो । तसर्थ यो विषयको छिटो निरूपण गर्नुपर्ने आवश्यकता छ । नेपालको गैरसरकारी संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को तथ्यांक अनुसार सबैभन्दा बढी बर्दियामा २ सय १८ जना बेपत्ता बनाइएको छ । त्यसपछि बेपत्ताका घटना बढी भएका अन्य जिल्लाहरूमा दाङ ६९ जना, बाँके ६१ जना, सल्यान र रोल्पा २७/२७ जना रहेका छन् । बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्न र उनीहरूको परिवारलाई न्याय दिनका लागि राजनीतिक इच्छाशक्तिको खाँचो छ । राजनीतिक दलको प्राथमिकतामा नपरेसम्म यो मुद्दाको निरुपण हुनै सक्दैन । यसलाई प्राथमिकतामा राख्न सरोकारवाला समुदायको निरन्तर दबाबको खाँचो पनि उत्तिकै छ । बेपत्ता अझै बेपत्ताको अवस्थाको समूल अन्त्य गरी शान्तिपूर्ण समाज विकासका लागि सरोकारवाला एक हुनु नै अहिलेको टड्कारो आवश्यकता हो । बेपत्ता पारिएका नागरिक कहाँ छन् ? नागरिकको प्रश्नको जबाफ दिन जवाफदेही निकायले ढिला गर्नु हुँदैन । तत्काल जबाफ देऊ उनीहरू कहाँ छन् ? ***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

**मेष** : सामाजिक क्षेत्रमा धन खर्च हुनेछ । यात्राका सजगता अपनाउनु पर्नेछ ।
**वृष** : अरूको भर नपरी सही निर्णय लिन सके थप सफलता र अवसर प्राप्त होला ।
**मिथुन** : दुष्ट व्यक्तिको संगतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला ।
**कर्कट** : समाज सेवामा मन लाग्नेछ । सांगीतिक क्षेत्रमा रुचि पनि बढ्नेछ ।
**सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी यात्रा पनि हुनेछ ।
**कन्या** : धार्मिक सेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ ।
**तुला** : सानातिना समस्यामा अल्झनुपर्नेछ। पारिवारिक समस्या पनि बढ्न सक्छ ।
**वृश्चिक** : धन लाभका योग देखिन्छ । प्रेम जीवन पनि सफल रहनेछ ।
**धनु** : आँटिको र ताकेको कार्य पुरा होला। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।
**मकर** : भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् ।
**कुम्भ** : नियमित खर्चसमेत बढ्ने योग छ, तर साँझमा मन प्रसन्न रहनेछ ।
**मीन** : आफन्तबाट सहयोग प्राप्त हुनेछ। नयाँ कार्यको थालनी हुनेछ ।

# साहित्य दर्पण

कथा — विश्वराज अधिकारी

## पत्रमा के लेखिएको थियो ?



मैले यो जिन्दगीमा धेरै किसिमका घटनाहरू देखेको छु, भोगेको छु। तर अस्ति, एक हप्ता पहिले घटेको घटनाले मेरो विचारको रूख नराम्रो गरी हल्लाइ दियो । मैले उत्तरबाट दक्षिण बग्ने बागमतीलाई दक्षिणबाट उत्तर बगेको देखें । यस्तो देखेपछि जो पनि तिन छक्क पर्न सक्छ । के म मात्र पर्न सक्छु र ? भएको थियो यस्तो । मेरो आफ्नै काका, नरेश काका बेला बेलामा गंभिर किसिमले बिरामी पर्न थालेको पाँच वर्षभन्दा बढी भएको थियो । एक वर्ष पहिले म उहाँलाई भेट्न जाँदा उहाँ शरीरिक रूपमा मात्र होइन मानसिक रूपमा पनि अति नै गलेको देखिन् भएको थियो। अस्पतालबाट डिस्चार्ज भएर घर आएको केवल एक दिन भएको थियो । खास रोग के हो भन्ने पत्ता भने लागेको थिएन । दुई महिना पहिले नरेश काकालाई भेट्न जाँदा भने अस्पतालमा भेटेको थिए । सर्जिकल वार्डको शैयामा पल्टेको काकालाई उहाँको हिम्मत वृद्धि गर्ने अभिप्रायका साथ मैले भने, 'काका आशा मार्नु हुदैन। मन बलियो पार्नु पर्छ । क्यान्सर भएर पनि मान्छेहरू वर्षौंसम्म बाँचेका छन् । तपाईंको क्यान्सर पहिलो स्टेजमा छ रे । अप्रसेन भए पछि निको हुन्छ रे । त्यो क्यान्सर फेरि दोहरिदैन । फेरि क्यान्सर हुँदैन । त्यसकारण मन बलियो पार्नुस। हिम्मत बढाउनुस । बलियो मन, र म अहिले मर्दिन भन्ने बलियो इच्छा शक्तिले रोगलाई परिजित गर्छ । यो मेरो भनाइ होइन, मेडिकली प्रुभ कुरा हो ।' मेरो कुरा सुनेर काकाले मुहार हँसिलो पार्ने प्रयास गर्नु भयो । तर त्यो प्रयास सफल हुन सकेन । कतै दुःखेको हुनाले उहाँको मुहारमा पीडा र चिन्ता एकै पटक प्रतिबिम्बित भयो । पीडालाई पुनः दबाउन खोज्दै भन्नु भयो, "शिरिष, मलाई मृत्युको भय छैन । एक दिन त मर्नु छ नै । यो यथार्थलाई मैले भूलेको छैन । यो जीवन मृत्युको चक्करलाई जत्ति बुझ्यो मृत्यु त्यतिनै सजिलो हुने रहेछ । एक किसिमले भन्ने हो भने मैले मृत्युमाथि विजय प्राप्त गरेको छु । त्यैपनि हेरौं, अन्तिसाँस छोड्ने बेलामा मेरो मनस्थिति कस्तो हुन्छ ।' यति भनेर काकाले गीताको यो श्लोक भन्नु भयो, 'न जायते म्रियते वा कदाचिन् नायं भूत्वा भविता वा न भूयः अजो नित्यः शाश्वर्वतोक्यं पुराणो न हन्यते हन्यमाने शरीर' काकाले आफूले भनेका श्लोकहरूको अर्थ पनि प्रष्ट पार्नु भयो । 'यो जीव आत्माले कहिले पनि जन्म लिन्दैन र कुनै पनि समयमा मर्दैन पनि। जब शरीको रचना हुन्छ तब पनि यो आउँदैन । यो आत्मा अजन्मा छ, नित्य छ, अनाशवान छ र समयको घेराभन्दा बाहिर छ । शरीर नाश हुँदा यो कहिले पनि नाश हुँदैन ।' यति भनेर काकाले आफ्नो बेडमाथि रहेको छतलाई घोरिएर हेर्नु भयो, केही बेरसम्म । 'बुझेउ शिरिष, एउटा चिन्ताले भने मलाई शान्तिसँग मर्न देला जस्तो छैन बरू ।' काकाले नयां प्रशङ्ग झिक्नु भयो। मैले प्रश्न गरें, के त्यस्तो चिन्ता हो, काका ?' 'मेरी धर्मपत्नीप्रतिको चिन्ता। तिम्री काकी रन्जु प्रतिको चिन्ता ।' 'हाम्रो यो नेपाली समाजमा, चार ओटा छोरा, चार ओटा बोहारी भएको भाग्यमानी मान्छेको लागि पनि चिन्ता गर्नु पर्छ र?' मैले थपे, 'छोरा बोहारीहरूले सुखसँग राख्छन काकीलाई । तपाईंले चिन्ता गर्नु पर्दैन, काका ।' 'मेरा सबै बोहारीहरू स्वार्थी छन । केवल आफ्नो सुखलाई नै जीवनको ठूलो उपलब्धि ठान्छन। सम्पत्ति र सुख बटुलनमा बोहारीहरू बीच जहिले पनि प्रतिस्पर्धा हुन्छ । यस्तै भएर यिनीहरूलाई भिन्न गरिदिएँ । आफ्नो मानो चामल खाएर सुखी रहुन भनेर । तर के गर्नु ? अझै पनि खुसी छैनन । छोराहरू पनि भलादमी छैनन । यस्ताहरूले के विचार गर्लान तिम्रो काकीलाई । सोझी रन्जुले बुढेस कालमा दुःख पाउने भइन । म त हातखुट्टा चल्दामा नै महायात्रामा जान्छु । रन्जुले महायात्रामा जानु भन्दा पहिले कत्ति दुःख पाउने हुन कुन्नी ? सुनिन्छ आजभोलि छोरा बोहारीहरूले आमा बाबुलाई वृद्धाआश्रमतिर पठाउँछन रे। फर्केर कहिले हेर्न जादैनन पनि रे ।' यति भनेर काकाले लामो सास फर्नु भयो र केही भन्न बिर्से झै गरी भन्नु भयो, 'छोरीहरू भएको भए जाती हुने थियो। म यो अधबैंसे उमेर, साठि वर्षेको उमेरमा परलोक पुगे पनि छोरीहरूले रन्जुलाई हेर्ने थिए, छोरीहरू भइदिएका भए हुने । यी नालायक छोराहरूले हेर्लान भन्नेमा मलाई रत्ति पनि विश्वास छैन । बोहारीहरूले त झन सासुलाई गलगाँड सम्झेका छन । हामीलाई पाले पालो चारबटै छोराहरू कहाँ बस्न सुझाएका थिए, हामी मानेनौं । हातखुट्टा चल्दासम्म तिमीहरूको भार भएर बस्दैनौं भनेउ । तिनीहरू कहाँ बसेनौं पनि ।' काकाले थप्नु भयो, 'यो आधुनिक युग हो । यो वैष्य युग हो । उपभोक्तावादले थिचेको र विवेक हराएको युग हो । यो आधुनिक युगमा यस्तै हुन्छ । केवल आफ्नो व्यक्तिगत सुखलाई सर्वोपरि ठान्नु नै उच्च बौद्धिकता परिचय हो ।' मेरो उपस्थिति लामो समयसम्म भएमा काकाले अझै मन दुःख्ने कुराहरू झिकेर आफूलाई झनै दुःखी पार्नु होला भन्ने अनुमान गर्दै काकाबाट बिदा लिने मैले निधो गरे । चलिरहेको कुराकानीको सिलसिलालाई तोड्दै मैले भने, 'काका, यो अस्पतालबाट मेरो घर पुग्न झन्डै तिन घण्टा लाग्छ । काठमाडौंको सडक जामको के कुरा गर्नु ! घर पुग्दा रातीको आठ बज्ने हो कि ?' म कुर्सीबाट उठेर कोठाबाट बाहिरिने उपक्रममा लागें । काकाले मेरो हात समाउदै भन्नु भयो, 'मेरो एउटा अनुरोध छ। मेरो एउटा सानो काम गरि दिन्छौ ?' 'किन न गर्नु काका ? अवश्य पनि गर्छु ।' मैले आश्चर्य प्रकट गर्दै भने । सिरानीमा राखेको खाम झिक्दै काकाले भन्नु भयो, 'शिरिष, यो खाम भित्र पत्र छ । यो पत्र तिमीले तिम्रो काकीलाई दिनु । रन्जुलाई दिनु । तर अहिले होइन नि, मेरो मृत्यु पछि दिनु, है ।' मैले केही पनि बोलिन। केवल आश्चर्य मान्दै काकातिर हेरे मात्र । 'मैले भने अनुसार नै तिमीले गर्नु पर्छ। अनि यो पत्रबारे काकी बाहेक अरू कसैलाई न भन्नु निद्र वाचा गरे । ! काकाले भन्नु भयो । 'हुन्छ ।' मैले काकाको वाचा अवश्य पनि पुरा गर्ने वचन दिए । काका अब केवल बढीमा एक महिना बाँच्ने भनी डाक्टरले काकीलाई भनेको कुरा काकाले थाहा पाइ सक्नु भएको रहेछ भन्ने मैले अनुमान पनि गरे । आफ्नो आँखामा भरिन थालेको आँशुलाई बडो गार्हो गरि मैले रोकें । पाटन अस्पतालबाट सरस्वती नगरस्थित मेरो घर पुग्दा रातीको आठ बजिसकेको थियो। गैसको सिलिण्डर खोज्न हिंडकी मेरी पत्नी मधु घर आइपुगेकी थिनन । पाटन अस्तालमा भर्ना भएका नरेश काकालाई हेरेर म फर्केको दुई हप्ता भइसेको थियो । अब म एक हप्ता पहिले के भयो त्यसबारे भन्छु । तो त्यो घटनाले मेरो विचार कसरी धुधमा अमिलो हालेझै भएको थियो त्यो म भन्छु । एक हप्ता पहिले म रन्जु काकी कहाँ गएको थिएँ । स्वर्गीय नरेश काकाको तेरौं दिनको काम सकिएको एक हप्ता भएको थियो । काकीले एक्लो बस्न रोज्नु भएकोले उहाँलाई भेट्न म उहाँको डेरामा पुगेको थिएँ । दुई तिन घण्टाको अनेक सुख दुख, तिता मिठा, आरोह अवरोहको कुरा गरेपछि मैले प्रशंग परिवर्तन गर्न खोजे । त्यस्तो गर्नु जरूरी पनि थियो । मैले नरेश काकाले दिनु भएको पत्र रन्जु काकीलाई दिनु पनि थियो । सर्टको खल्तीमा हिफाजतसाथ राखेको पत्र झिकेर मेल रन्जु काकीलाई दिएँ । 'यस पत्रबारे, यसको विषय बारे मलाई केही पनि थाहा छैन, है काकी। यो पत्र तपाईंलाई काकाको जीवनकालमा नै दिने विचार थियो तर............।' मैले प्रष्ट पारे । 'तर के ?' प्रत्यासित रुपमा काकीको प्रश्न आयो । 'काकाले भन्नु भएको थियो- यो पत्र तिम्रो काकीलाई मेरो मृत्युपछि मात्र दिनु ।' काकीले पत्र खोलेर पढ्नु भयो । पत्र पढे पछि अस्वभाविक किसिमले रून थाल्नु भयो । म अक्क मक्क परे । फोनको घण्टी बजेको हुनाले फोन सुन्न काकी कोठा भित्र जानु भयो । बैठमा म मात्र थिए । काकीले आफू बसेको सोफमा नै त्यो छाडेर हिंड्नु भयो ।

पत्रमा के लेखिएको रहेछ जसले गर्दा काकीलाई अस्वभाविक किसिमले रुने स्थितिमा पुर्यायो, म त्यो जान्न उत्सुक भए । मेरो त्यो उत्सुकता पुरा गर्न काकीले फोनमा लामो कुरा गर्न थालेको स्थितिले सघाउ पुर्यायो पनि । नरेशस काकाले रन्जु काकीलाई लेखेको पत्रमा यी कुराहरू लेखिएका थिए- प्रिय पत्नी रन्जु, एक जिम्मेवार एवं असल पतिको भूमिका मैले म जीवित हुनजेलसम्म निर्वाह गरे । यो भूमिक निर्वाह गर्नमा मैले कतै पनि, कुनै पनि किसिमको बेइमानी गरिन । तर माफ गर रन्जु, मैले यो जिन्दगीभरि तिमीलाई आफ्नो पत्नीको रूपमा हेर्न सकिन । मेरो यस्तो व्यवहारको लागि तिमीले मलाई माफी अवश्य पनि दिने छेउ । मेरो प्रेम कुनै युवतीसँग भएको थियो । तिमीसँग बिहे हुनु भन्दा पहिले । जीवन भरि मैले केवल ती युवतीसँग, केवल भावनामा, प्रेम गरि नै रहें । नरेश शर्मा काकीलाई लेखिएको पत्र पढेपछि मेरो विश्वास दुध र काकाको पत्र अमिलो रस हुन पुगेको थियो, यसरी ।

*-समकालीन साहित्यपोस्ट डटकम*

निबन्ध — डा. अमर कार्की

## भुँडी

एकजना युरोपियन भुँडीवाल हास्यकलाकारले आफ्नो गोलाकार भुँडी मुसार्दै भन्थ्यो, 'यो मेरो भुँडी अफ्रिकाको गरीब बच्चाहरूले गर्दा यति ठूलो भएको हो ।' उसको यो भनाइ सिल्ली जस्तो लागे पनि उसको तर्क गजबको थियो । उसको आमाले खाना पस्किदिएपछि भन्थिन् रे, 'सबै सिनित्त पार है । एक गाँस पनि छोड्ने होइन प्लेटमा । खाना फाल्नु हुन्न । हेर उहाँ अफ्रिकामा एक गाँस खान नपाएर कति बच्चाहरू भोकै परेका छन् । पाप लाग्छ ।' उसको आमाको यो तर्क उसलाई अनौठो लाग्थ्यो । ऊ आमालाई भन्थ्यो, 'हैन आमा कसरी हामीले कोचीकोची खाएर अफ्रिकाको मान्छे अघाउँछन् ? बरु थोरै पकाउनुस् बचेको अन्न अफ्रिका पठाइदिनुस् । त्यसरी पो उनीहरूको कल्याण हुन्छ त ।' तर उसको आमाले त्यसरी कहिले सोचिनन् रे । अनि उसको भुँडी बढी नै रह्यो । अफ्रिकन बच्चाहरू भोकै भए । नेपाल र भारततिर धेरै धर्म गर्नेको नि भुँडी ठूलो हुन्छ रे ! मेरो मतलब पूजा पाठ गर्नेको । हुन त कमाइ हुनेको भुँडी ठूलो हुने नै भयो । तर यो कमाइले लागेको भुँडी होइन । उही त्यो कमेडियनको भुँडी बढे जस्तो हो । हाम्रातिर पढेकादेखि नपढेकासम्म धेरैले बुझेका कुरा के भने पूजापाठ, व्रत, भजन-कीर्तन, आरती, लाखबत्ती, सप्ताह, पुराण र मठमन्दिर आदि नै हो धर्म कमाउने बाटो । यसैले नै आफ्नो र जगतको कल्याण हुन्छ । पैसा र इज्जत कसरी कमाउने भन्ने नबुझेकाले नि यो चाहिं बुझेका हुन्छन् । पूजापाठ गर्नेले जगतको कल्याण गर्न बसीबसी मीठो खान्छन् । मतलब पूजा पाठ गर्नेहरू मीठो चोखो खान्छन् । घिउको भुटुन हालेर पकाएको तरकारी र घिउको डल्लो हालेको भात चोखो हुन्छ । विशुद्ध चीजलाई फलाम पानीले चोख्याउन मिल्दैन सुनपानी नै चाहिन्छ । गरीबले खाने खाना त सबै कुअन्न हुन् भन्नुहुन्थ्यो हाम्रो हजुरबा । पण्डितहरूले त्यसै भन्छन् रे त ! त्यसैले उहाँ कोदो, गुन्द्रुक आदि खानु हुन्नथ्यो । गरीबले खाने भएर पूजामा र व्रतमा नचलेको हो कि त्यताबाट वञ्चित भएकोले गरीबले खानु पाएका हुन् ? त्यो चाहिं कसैले बताएको छैन । यसरी बिना कसरत खुराकी 'चिल्लो चाप्लो र गुलियो खाना' खान पाएपछि भुँडी त बढ्ने नै भयो । तर उही कमेडियनले भने झैं यिनीहरूको भुँडीले जगतको कल्याण कसरी हुन्छ ? मैले चाहिँ बुझेको छैन । हजुरबा मलाई असाध्य माया गर्नुहुन्थ्यो । मलाई मात्रै हैन सबै नातिनातिनाहरूलाई माया गर्नुहुन्थ्यो । विशेषगरी अलि कमजोर र घरका अरूले हेपेका र हेला गरेकाहरूका पक्षमा उहाँ बोल्नुहुन्थ्यो । त्यसैले पनि मैले एक दुई पटक हजुरबासँग यस्तो तर्क गर्न आँट गरेको थिएँ : 'हजुरबा, यदि हजुरलाई साँच्चै हाम्रो र गाउँलेको हित गर्न मन लागेको छ भने तपाईंको पूजापाठमा लाग्ने रकम र समय ऊ त्यो खेतालाहरू र गोठालाहरू हिंड्ने अप्ठेरो बाटो बनाउनमा खर्च गर्नु न, आगोमा डढाउने घिउ दिनभरि काममा जोतिने हजुरआमा र आमाको भागमा खन्याउनु न । पुरेतको सिधामा राख्ने दाल, चामल र घिउ चिनीले ती छाप्रोमा बसेकी पुड्की आमाको एक छाक टारिदिनु न । अनि पो हुन्छ त धर्म ।' तर मेरो यही तर्क गर्ने बानी मेरोलागि हानिकारक भयो । 'तँ यस्तो कुरा बुज्दैनस् पाजी' हजुरबाले त यति मात्र भन्नुभयो । तर घरका अरू सबैको नजरमा म छुच्चो, स्वमत नभएको र अधर्मी ठहरिएँ । अनि मैले बोल्न छाडें, लेख्न थालें । जतिबेला घर व्यवहार चलाउन मेरो दुई हजुरआमाहरू र चार आमाहरू बिहान भाले बास्नु अघिदेखि आधीरात सम्म खटिरहेका थिए । खेतीबारी, घाँसदाउरा र घरधन्दा सकाएर ब्याच्च बस्न नपाउँदै सात जना कलिला छोराछोरीका स्याहार सुसारमा जुटिरहेका थिए । त्यसैवेला ५० वर्षका तन्दुरुस्त हाम्रो हजुरबा कमाइधमाइ छोडेर धर्ममा लाग्नुभएको थियो । बिहान सबेरै नुहाउन जानुहुन्थ्यो । उहाँ निस्केपछि हजुरआमा वा आमाहरूले उहाँको कोठाबाहिर मटानबाट पिसाबले भरिएको कोपारा लगेर पिसाब फाल्नुहुन्थ्यो । फेरि सफा गरेर लेराएर उहीं राखिदिनु हुन्थ्यो । हजुरबा नुहाएर धोती फेर्नु हुन्थ्यो । उहाँले फेरेको धोती हजुरआमा र आमाहरूले धोएर सुकाइदिनु पर्थ्यो । त्यतिन्जेल उहाँको पूजाकोठा लिपेर पूजाका भाँडा माझेर तयार पार्दिनुपर्थ्यो । बिहान पूरै पूजापाठमा बिताउनुहुन्थ्यो । भान्छा तयार भएपछि भान्छाको सबैभन्दा माथि बसेर खाना खानुहुन्थ्यो । हजुरआमा बाहेक अरूले पकाएको वा छोएको खानु हुन्नथ्यो । घरका महिलाहरू खेतबारीको काममा जानु अघि र गएर आएपछि हजुरबाका लागि तीन छाक मिष्टान्न 'पुवा, हलुवा, खिर अनि दालभात' पकाएर खुवाउन र खाएका जुठा भाँडा माझ्न व्यस्त हुन्थे । घरमा अरू सबैले ढिंडो खाएर अन्तमा दुई गाँस भातले बिर्को लगाउने भए पनि हजुरबालाई चरेसको थालमा भात र कचौरोमा मुङको दाल हुन्थ्यो । उहाँ लगायत सबै पुरुषहरूले तातोतातो खाना गएर पछि बल्ल बचेखुचेको चिसो खाना खान्थे घरका महिलाहरूले । चिल्लोको नाममा एक पित्को घिउ आफ्नो भागमा नदेरुने नातिनातिना, श्रीमतीहरू र बुहारीहरूले त्यही घिउ चरुको नाममा हरेक दिन आगोमा डढेको हेर्नुपर्दा पनि हजुरबाले गरेको धर्मको फल आफूलाई नि मिल्ला भनेर चित्त बुझाउँथे । हजुरबा दिउँसो पाखाको डिलतिर डुल्न जानुहुन्थ्यो, त्यहाँबाट खेतमा काम गरिरहेका खेताला र गाईबस्तु चराइरहेका गोठालाहरूलाई यसो गर उसो गर भनेर आदेश दिइरहनु हुन्थ्यो । गाउँमा पुराण, सप्ताह आदि लगाएको छ भने त उहाँको दिनभरी त्यतै बास हुन्थ्यो । कहिले सत्सङ्गमा दिन बिताउनु हुन्थ्यो त कहिले पशुपति जानुहुन्थ्यो । गाउँघरमा उहाँलाई इज्जत र मान गर्थे । हजुरआमा भन्नुहुन्थ्यो उहाँले गरेको यही धार्मिक कार्यले परिवार र समाजको हित भैरहेको थियो । हजुरबाकै उमेरका अरू बुढाहरू भान्छामा खाना बनाउन सहयोग गरिरहेका हुन्थे । कोही नातिनातिनाहरूको स्याहार सुसार गरिरहेका हुन्थे भने कोही गाईबस्तु चराउन पाखातिर पुगेका हुन्थे । कोही खेतीपातीमा पनि लागेका हुन्थे । तर पूजापाठमा लागेको र हरेक एकादशीमा वर्त बस्ने भएकोले हाम्रो हजुरबाले सबै सुविधा र सम्मान पाउनु भएको थियो । तर हजुरबाले गरेको पूजापाठले उहाँको छोराछोरी, नातिनातिनालाई एस एल सी सम्म पनि पास गराउन सकेको देखिन । आफ्नै छोराछोरीलाई स्वास्थ्य र दीर्घ जीवन दिन सकेको पनि देखिन । न कसैको जागीरमा मद्दत गरेको देखें । न गाउँमा पानी, बत्ती र बाटोको सुविधा लेराएको देखें । अनि कसरी भयो त हित ? बुझेको थिइनँ । उता मेरो बा भने सानैदेखि घर व्यवहारको जिम्मेवारी लिन थाल्नुभयो । पढ्दै र कमाइ गर्न थाल्नुभो । हजुरबाले लिनुभएको बाटो सही अर्थमा धर्म कमाउने बाटो होइन भन्ने लागेर नै होला त्यसलाई पछ्याउनु भएन । बरु गाउँ टोलमा धारा, बत्ती, बाटो, विद्यालय आदि लेराउने कार्यमा ठूलो भूमिका निभाउनु भो । वृद्ध र अशक्तहरूको लागि सहयोगको हात बढाइरहनु भयो । पुराण भन्ने पण्डितलाई अरूले झैं बा खुट्टामा ढोग्नुहुन्नथ्यो, नमस्कार गर्नुहुन्थ्यो । विद्यालयका शिक्षकलाई र पण्डितलाई बराबर इज्जत दिनुहुन्थ्यो । त्यस्तो अभावको बेलामा त पूजापाठ र पण्डित्याइँलाई आफ्नो धन र सम्मान दिने समाज देखेको र भोगेको मलाई आजकालको यो लाखबत्ती, सप्ताह, आरती आदिमा भएको होडबाजी र खर्च अनि च्याउ झैं उम्रिएका गुरु र पण्डितको चरणमा गएका समाज देखेर खासै अनौठो लाग्दैन । म नेपालबाट टाढा छु त्यसैले मैले नबुझेको हुनसक्छ । आजभोली शायद यस्ता कार्य आयोजना गर्न परिवारको गाँस काट्नु पर्दैन होला । सबै धनी भैसके नेपालीहरू । परिवारले मिठो चोखो खान पाएका छन् । तिनीहरूको राम्रो आम्दानी छ । भजनकै नाममा भए पनि छमछम नाच्न पाएका छन् । फेरि फेरि नयाँ लुगा लगाउन पाएका छन् । हाम्रा हजुरआमा र आमाहरूले जस्तो दुख पाएका छैनन् अहिलेका महिलाहरूले । उनीहरू नै बढी लागेका देखिन्छन् यस्ता कार्यमा । यस्ता पूजा, आरती, सप्ताहमा मिठो चोखो खाएर जिउ लागेको छ अनि लोक र पप लयमा आधारित भजनमा नाचेर जीउ घटेको पनि छ । अरू के चाहियो । एकदिन फोनमा आमा मसँग रिसाउनु भो, 'तेरो मुख छुच्चो छ ।' 'के भनेर मैले त्यस्तो आमा ?' मैले सोधें । 'अनि अरूले जे सुकै गरून, तलाई किन चासो ?' आमा सितिमिति रिसाउनु हुन्न । तर त्यसदिन रिसाएकै हो । नजिक भए मेरो मुख च्यातिदिनु हुन्थ्यो होला । सानोमा मैले हजुरबासँग तर्क गरें भने आमाले यसरी नै रिसाएर आफ्ना दुई औंला मेरो मुख भित्र हालेर च्यातिदिनु हुन्थ्यो । साँच्चै दुख्थ्यो । म रुन्थे अनि आमा पनि रुनुहुन्थ्यो । उहाँ रोएको देखेपछि म झनै रुन्थें । कुराकै सिलसिलामा आमाले सुनाउनु भो, 'फलानाको घरमा लाखबत्ती बालेको थियो हिजो । सय जना जति पाहुनाहरू थिए । एक दर्जन पण्डितहरू । कति थरी खानेकुरा । क्याटरिङ गरेका रे ! कसैलाई प्रसाद नखुवाई पठाएका होइनन् ।' मेरो मुखबाट प्याच्च निस्कियो, 'त्यस्तो फजुल खर्च किन गरेछ त त्यो छुच्चाले ?' यही कुराले आमालाई रिस उठायो । चार बीस उमेर कटेकी मेरी आमा रिसाएपछि मैले कुराको विषय बदलें । तर मेरो मस्तिष्क भने विगतलाई कोट्याई नै रह्यो । मेरो होइन त्यही लाखौं रुपियाँ खर्च गरेर लाखबत्ती बाल्ने भाइको विगत । केही वर्ष मात्र अघि अस्ट्रेलिया पढ्न जान्छु बीस लाख जति लाग्छ बा भन्दा 'पर्दैन त्यत्रो खर्च गरेर जान, यही ब्याचलर गर अनि बिहे गर' भन्छन् बा भनेर रोएकी थिई त्यसको छोरी । मैले मेरो हजुरबा र बाले अँगाल्नु भएको धर्म र कर्मको बाटो नियालेर हेरेको थिएँ । त्यतिवेला नबुझे पनि ठूलो भएपछि बुझें : हजुरबाको भन्दा बाको धर्म ठूलो । र रक्तदान गर्नु अझै ठूलो धर्म हो । त्यसैले मेरो पुस्ता र परिवारमा आजसम्म कसैले नगरेको र अझै गर्न हिचकिचाएको रक्तदान म नियमित रूपमा गर्दै आएको छु । मलाई न त यसबाट आफूमा घमण्ड छ न त परिवारप्रति गुनासो । आत्मसन्तुष्टि चाहिं पक्का छ । म व्रत बस्दिनँ र मीठो चोखो पनि खाँदिन । स्वस्थ खाना खान्छु र हल्का व्यायाम गर्छु त्यसैले मलाई भुँडी बढ्ला भन्ने डर पनि छैन ।

*-साहित्यपोस्ट डटकम*

# ‘जेष्ठ नागरिक गाडी भाडा छुटमा पहल गर्छु’



**दाङ,** भदौ १४/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सार्वजनिक सवारी साधनमा जेष्ठ नागरिकलाई भाडा छुट र सुविधा दिने कार्यविधि पूर्ण कार्यान्वयनको आफुले पहल गर्ने बताएका छन् । सार्वजनिक सवारी साधनमा दुई वटा सिट सुरक्षित गरी ५० प्रतिशत गाडी भाडा छुट दिने कानुनी व्यवस्था भए पनि पूर्ण कार्यान्वयनमा नआउदा जेष्ठ नागरिकहरु समस्या परेको भन्दै मुख्यमन्त्री आचार्यले कार्यविधिको पूर्ण कार्यान्वयनसँगै ८० बर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई सार्वजनिक सवारी साधनको भाडामा पूर्ण छुट दिने बारेमा प्रदेश सरकारले पहल गर्ने बताएका हुन् ।

९२ बर्षीय जेष्ठ नागरिक जुद्धप्रसाद भट्टराईसँगको भेटमा मुख्यमन्त्री आचार्यले ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने जिम्मेवारी राज्यको भएकाले पाका पुस्ताको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरेर समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश बनाउने अभियानमा जोडिन सबै जेष्ठ नागरिकहरुमा अपिल गरे । उनले भने ‘जेष्ठ नागरिकलाई श्रद्धा, आदर र सदभाव अभिवृद्धि गर्ने काम राज्यले गर्छ,तपाईहरुको ज्ञान, सिप, क्षमता र अनुभव मुलुक बनाउन खाँचो छ ।’ मुख्यमन्त्रीसँगको भेटमा जेष्ठ नागरिक भट्टराईले ८० बर्ष माथिका सबै जेष्ठ नागरिकलाई सार्वजनिक सवारी साधनमा भाडा नि:शुल्क बनाउन माग राखेका थिए । ‘हामीलाई सकभर गाडीमा चढाउदै चढाउदैनन् । चढाई हाले भाडा छुट दिदैनन’ उनले भने,‘हामी जेष्ठ नागरिकलाई यात्रामा पूर्ण छुट चाहियो ।’ मुख्यमन्त्री आचार्यलाई भेट्न भट्टराई मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय राप्ती उपत्यका देउखुरी पुगेका थिए । **-लुम्बिनी सिएम न्यूज डेस्कको सहयोगमा**

## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८१ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

खेलकुद समाचार

## नेपालकी पलेशा फाइनलमा पराजित



**काठमाडौं,** भदौ १४/ पेरिस पारा ओलम्पिक २०२४ मा नेपाली तेक्वान्दो खेलाडी पलेशा गोवर्द्धन क्वार्टरफाइनलमा पराजित भएकी छन् ।

पेरिसको ग्रान्ड प्यालेसमा शुक्रबार भएको तेक्वान्दोको के-४४ विधाअन्तर्गत महिला ५७ केजीमुनि तौल समूहको अन्तिम-८ मा पलेशा ब्राजिलकी सिल्भाना मायारा कार्डोसो फर्नान्डेससँग पराजित भइन् । पलेशा फर्नान्डेससँग १०-८ अङ्कले पराजित भइन् । यसअघि शुक्रबार भएको अन्तिम-१६ को प्रतिस्पर्धामा पलेशाले भियतनामकी मोरालेस भलेरियालाई हराउँदै अन्तिम-८ मा प्रवेश गरेकी थिइन् । यसअघि हिजो भएको खेलमा तेक्वान्दोका भरतसिंह महता जापानका मित्सुया टनाकासँग पराजित हुँदै अन्तिम-१६ बाटै बाहिरिएका थिए । अब पौडीका भीमबहादुर कुमालले आउँदो सोमवार एस-९ विधामा पुरुष ५० मिटर फ्री-स्टायलमा सहभागिता जनाउनेछन् ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको साविक नाम **स्टार शाईन कन्स्ट्रक्सन प्रालि** द.नं. १७४८७०/०७४/०७५ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री **कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/२८** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **स्टार शाईन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

### वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## एनसेल नवीकरण गर्न सरकार सहमत

Ncell

**पाल्पा,** भदौ १४/एनसेलको अनुमतिपत्र नवीकरणको विषय पछिल्लो समय निकै चर्चाको विषय बन्यो । एनसेलको लाइसेन्स म्याद सकिन लाग्दा समेत नेपाल सरकारले नवीकरण गर्न आनाकारी गर्दै आएपछि त्यो चर्चाको विषय बनेको थियो ।

प्रत्येक ५ वर्षमा नवीकरण गर्नुपर्ने दूरसञ्चार प्रदायक कम्पनी एनसेलको लाइसेन्स म्याद यही १५ गते अर्थात् आज सकिन लागेकै बेला सरकारले अन्तत: विभिन्न सर्तहरु राखेर नवीकरण गर्न सहमत भएको छ । चार किस्तामा ब्याजसहित शुल्क लिएर एनसेलको अनुमतिपत्र नवीकरण गर्न सरकार सहमत भएको हो ।

सरकारले तिर्न बाँकी हुने नवीकरण शुल्कको वार्षिक १० प्रतिशत ब्याज लिने गरी एनसेलको अनुमतिपत्र नवीकरण गर्ने सरकारले निर्णय गरेको छ । मन्त्रिपरिषद बैठकले एनसेललाई २० अर्ब शुल्क चार किस्तामा बुझाउन सक्ने सुविधासहित अनुमतिपत्र नवीकरण गर्ने निर्णय गरेको हो । एनसेललाई मोबाइल सेवाको अनुमति पत्र तेस्रोपटक नवीकरण गर्न वार्षिक ५ अर्बका दरले चार किस्ता र ब्याजसमेत बुझाउनुपर्ने गरी किस्ता सुविधा दिने निर्णय भएको छ । २० अर्बको चार किस्तामध्ये पहिलो किस्ता बुझाएपछि मोबाइल नवीकरण हुने सरकारको निर्णय छ । एनसेलले तिर्ने पहिलो किस्तामा ब्याज नलागे पनि दोस्रो किस्ताबाट १० प्रतिशतका दरले ब्याज तिर्नेगरी नवीकरण प्रक्रिया अघि बढाइएको सरकारले जनाएको छ । यसअघि पहिलो र दोस्रो पटक अनुमतिपत्र नवीकरणका बेला पनि सरकारले एनसेललाई किस्ताबन्दीमा आवश्यक दस्तुर बुझाउने सुविधा दिएको थियो । तर त्यतिबेला ब्याजको शर्त राखिएको थिएन ।

एनसेलले किस्ताबन्दीमा नवीकरण शुल्क तिर्न व्यवस्था गरिदिन सरकारसँग लबिङ गर्दै आएको थियो । अन्तत: एनसेलले लाइसेन्स नवीकरण नगर्दा राज्यले अर्बौं कर गुमाउने र हजारौं नेपालीले रोजगारी गुमाउने देखिएकाले सरकार यसलाई सम्बोधन गर्न बाध्य भएको जानकारहरु बताउँछन् ।

## ‘स्थानीय तहको...

...कार्यक्रममा चेतनशिल आमा समुहका अध्यक्ष विष्णुमाया खाम्चाले देउसी भैलो लगाएत विभिन्न कार्यक्रमबाट संकलित रकम र नगरपालिकाको विशेष सहयोगमा भवन निर्माण गरेको बताइन् । आफुहरुको आवश्यकतालाई मध्यनजर गरेर रामपुर नगरपालिकाले विभिन्न चरणमा बजेट विनियोजन गरेकोमा धन्यवाद दिंदै भवनलाई भौतिक संरचनामा मात्र सिमित नराखी बहुउपयोगी बनाउने प्रतिवद्धता व्यक्त गरे ।

निर्माण समितिका संयोजक भुवनसिं सिंजालीले कुनै आस्था भन्दा पनि माथि उठेर जनताको आवश्यकतालाई बुझ्न आवश्यक रहेको भन्दै नगर सरकारले गरेको कामको प्रसंशा गरे । साथै उनले १६ लाख ६० हजारको लागतमा भवन निर्माण सम्पन्न भएको आम्दानी खर्च समेत सार्वजनिक गरे । रामपुर नगरपालिकाको ६ लाख ५० हजार, चेतनशिल आमा समुहको ६ लाख २० हजार,बाबा समुहको १ लाख, सिर्जनशिल युवा क्लवको २० हजार र स्थानीयको जनश्रमदानमा हल सहितको २ कोठे एक तले पक्कि भवन निर्माण सम्पन्न भएको हो । भवन निर्माण सम्पन्न भए पछि विभिन्न समुह, क्लव, टोल विकास संस्था लगाएत विभिन्न संस्थाको बैठक बस्न, तालिम सञ्चालन गर्न,विभिन्न कार्यक्रम गर्न सजिलो हुने स्थानीय राजु गुरुङले बताए । चेतनशिल आमा समुहका अध्यक्ष विष्णुमाया खाम्चाको अध्यक्षता, राम बहादुर आलेको स्वागत, पर्शुराम पाण्डेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई